नेपाल सरकार
# कृषि तथा पशुपन्छी विकास मन्त्रालय
(आन्तरिक प्रशासन शाखा)

फोन नं. ४२११६३५, ४२११८०८, ४२११९३२, ४२११६६५, ४२११६८७, ४२११९१५
फ्याक्स : ४२११९३५
सिंहदरवार, काठमाण्डौं
नेपाल

पत्र संख्या आ.प्र./०८२/८३
च.नं. : ४६०

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरवार, काठमाण्डौ

मिति २०८२।१२।८
ने.सं.११४६

## विषयः- परिपत्र सम्वन्धमा ।

श्रीमान् सदस्य-सचिवज्यू, राष्ट्रिय किसान आयोग, हरिहरभवन ।
श्रीमान् सहसचिवज्यू, योजना तथा विकास स. समन्वय महाशाखा कृ.तथा प. विकास म. ।
श्रीमान् सहसचिवज्यू कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन महाशाखा, कृ.तथा प.विकास म.
श्रीमान् सहसचिवज्यू खाद्य सुरक्षा तथा खाद्य प्रविधि महाशाखा, कृ.तथा प. विकास म. ।
श्रीमान् प्रमुखज्यू, प्लान्ट क्वारेन्टिन तथा विषादी व्यवस्थापन केन्द्र, हरिहरभवन ।
श्रीमान् प्रमुखज्यू कृषि सूचना तथा प्रशिक्षण केन्द्र, हरिहरभवन ।
श्रीमान् महानिर्देशकज्यू खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग, बवरमहल ।
श्रीमान् कार्यकारी निर्देशकज्यू नेपाल कृषि अनुसन्धान परिषद, सिंहदरवार प्लाजा ।
श्रीमान् कार्यकारी निर्देशकज्यू राष्ट्रिय दुग्ध विकास वोर्ड, पुल्चोक ।
श्रीमान् प्रवन्धक सञ्चालकज्यू कृषि सामग्री कम्पनी लिमिटेड, टेकू ।
श्रीमान् सहसचिवज्यू कृषि विकास महाशाखा, कृ.तथा प. विकास म. ।
श्रीमान् सहसचिवज्यू प्रशासन महाशाखा, कृ.तथा प. विकास म. ।
श्रीमान् सहसचिवज्यू पशुपंक्षी तथा मत्स्य विकास महाशाखा, कृ.तथा प. विकास म. ।
श्रीमान् सहसचिवज्यू पशु स्वास्थ्य महाशाखा, कृ.तथा प. विकास म.
श्रीमान् प्रमुखज्यू बीउ विजन गुणस्तर नियन्त्रण केन्द्र, हरिहरभवन ।
श्रीमान् महानिर्देशकज्यू कृषि विभाग, हरिहरभवन ।
श्रीमान् महानिर्देशकज्यू, पशु सेवा विभाग, हरिहरभवन ।
श्रीमान् महाप्रवन्धकज्यू, दुग्ध विकास संस्थान, लैनचौर ।
श्रीमान् कार्यकारी निर्देशकज्यू राष्ट्रिय चिया तथा कफी विकास वोर्ड, कीर्तिपुर ।
श्रीमान् कार्यक्रम प्रमुखज्यु, राष्ट्रिय कृषि आधुनिकिकरण कार्यक्रम, काठमाडौं
श्रीमान् कार्यक्रम संयोजकज्यू उच्च मूल्य कृषिबस्तु उत्थानशील कार्यक्रम कीर्तिपुर
श्रीमान् आयोजना निर्देशक, ग्रामिण उद्यम तथा आर्थिक विकास आयोजना, आयोजना निर्देशकको कार्यालय, हरिहरभवन ।
श्रीमान् आयोजना प्रमुखज्यू, खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना, हरिहरभवन ।
श्रीमान् कार्यकारी निर्देशकज्यू कालीमाटी फलफूल तथा तरकारी बजार विकास समिति, कालीमाटी ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय प्रशासन शाखाको च.नं.प्र./३११/३२६८ मिति २०८२/१२/५ को पत्र यसै साथ संलग्न छ । सो सम्वन्धमा मिति २०८२/१२/२२ देखि २८ सम्म काठमाडौं सञ्चालन हुने **चक्र विज्ञान** कार्यक्रममा तहाँको कार्य र सेवा प्रवाहलाइ असर नपर्ने गरी साधन, स्रोत, जनशक्ति र समय उपलब्धताका आधारमा तहाँ र अन्तर्गतका कार्यालयहरूबाट इच्छुक कर्मचारीहरुलाई सो कार्यक्रममा उपस्थिति गराउने व्यवस्थाका लागि आएको हुँदा सो अनुसार गर्ने गरी तहाँ र अन्तर्गतका कार्यालयहरूका कर्मचारीहरुलाई आफ्नै पहलमा सहभागी हुने व्यवस्थाको लागि आदेशानुसार अनुरोध छ ।

(टिकराज पाण्डेय)
शाखा अधिकृत

**सादर अवगतार्थ**
श्रीमान् सचिवज्यू (कृषि विकास), कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सिंहदरवार।
श्रीमान् सचिवज्यू (पशुपन्छी विकास), कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सिंहदरवार।

नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

प्रशासन शाखा

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या:- ८२/८३

च.नं.:- प्र./३११/३२६८

मितिः २०८२/१२/०५
नेपाल संवत् ११४६

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
दर्ता:- १६८८९
मिति:- २०८२/१२/०८

श्री मन्त्रालय/आयोग/सचिवालय/विभाग/कार्यालय (सबै)

विषय: परिपत्र सम्बन्धमा।

जीवन विज्ञान प्रतिष्ठानको च.नं. १९४, मिति २०८२/११/१४ को पत्र र कार्यक्रमको विस्तृत विवरण सहितको अवधारणापत्रको छाँयाप्रति यसैसाथ संलग्न छ। सो सम्बन्धमा मिति २०८२/१२/२२ देखि २०८२/१२/२८ गतेसम्म काठमाडौंमा सञ्चालन हुने चक्र विज्ञान कार्यक्रममा तहाँको कार्य र सेवा प्रवाहलाई असर नपर्ने गरी श्रोत साधन, जनशक्ति र समय उपलब्धताका आधारमा तहाँ मन्त्रालय/आयोग/सचिवालय/विभाग/कार्यालयबाट इच्छुक कर्मचारीलाई सो कार्यक्रममा उपस्थिति गराउने व्यवस्थाका लागि आदेशानुसार अनुरोध छ।

२०८२/१२/०५
(सुसना शर्मा)
शाखा अधिकृत

कृषि तथा पशुपन्छी विकास मन्त्रालय
श्रीमान सचिवज्यू (कृषि विकास) को सचिवालय

- ☑ प्रशासन महाशाखा
- ☐ कृषि विकास महाशाखा
- ☐ योजना तथा विकास सहायता समन्वय महाशाखा
- ☐ कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन महाशाखा
- ☐ खाद्य सुरक्षा तथा खाद्य प्रविधि महाशाखा
- ☐ सचिवालय

दर्ता नं.: १५८९
मिति: ०८२/१२/८

टेलिफोन : ५९७१०००, ५९७१००१, ५९७१०२५, ५९७१०१४, पो.ब.नं.: २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साईट : http://www.opmcm.gov.np

जीवन विज्ञान

# जीवन विज्ञान प्रतिष्ठान

•सुख •शान्ति •समृद्धि

दर्ता नं. जि.प्र.का ३४३
पान नं. ६०३७४७५७७

च.नं. १९४
प.स. ०८२/०८३

मिति : २०८२/११/१४

श्रीमान् मुख्य सचिवज्यू
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं ।

**विषय : 'चक्र विज्ञान' कार्यक्रमका लागि समन्वय सम्बन्धमा ।**

उपर्युक्त सम्बन्धमा, जीवन विज्ञानले विगत धेरै वर्षदेखि तीनै तहका सरकार तथा जनमानसमा अध्यात्म, आरोग्य तथा स्वजागरण सम्बन्धमा व्यापक जनचेतना एवम् तालिम प्रदान गरिरहेको व्यहोरा सर्वविदित छ ।

यसैक्रममा शारीरिक, मानसिक, भावनात्मक, बौद्धिक, र चेतनागत स्वास्थ्य आर्जन गर्न साथै नागरिक तथा कर्मचारीको कार्यक्षमता विकास गर्दै तनावरहित जीवन जिउने कलाको विकासका लागि २०८२/११/२२ देखि २०८२/११/२८ गतेसम्म काठमाडौंमा **'चक्र विज्ञान'** आयोजना गर्न लागिएको सहर्ष जानकारी गराउँदछौं । नागरिकमा स्वजागरण र आरोग्यको चेतना विकास गर्दै सदाचार र सुशासन प्रवर्धनमा मद्दत पुऱ्याउँने यस कार्यक्रममा ताहाँ कार्यालयबाट तपशिलको सहयोग गरी स्वामित्व ग्रहण गरिदिनु हुन सादर अनुरोध छ ।

<u>तपशिल</u>

- नेपाल सरकारका सबै मन्त्रालयबाट **'चक्र विज्ञान'** कार्यक्रममा सहभागिता सुनिश्चितताका लागि समन्वय र पत्राचार गरिदिनु हुन ।

***कार्यक्रमको विस्तृत विवरणसहितको अवधारणा-पत्र यसैसाथ संलग्न गरिएको छ ।***

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
दर्ता नं. ४५१८
मिति २०८२/१२/२

नेपाल सरकार
मुख्य सचिवज्यूको कार्यकक्ष
दर्ता नं. १२१३
मिति ८२/१२/२

**अभिषेक अधिकारी**
व्यवस्थापक
९८५५०५०४५२

शासकीय मामिला सचिवालय
दर्ता नं. १२५५
मिति: २०८२/१२/०३

गणेश मार्ग (गणेशस्थान नजिक), चावहिल, काठमाडौं

# चक्र विज्ञान कार्यक्रमको अवधारणा-पत्र

## जीवन विज्ञान प्रतिष्ठान

काठमाडौं म.न.पा-७, चाबहिल

## पृष्ठभूमि

प्रत्येक व्यक्तिको मौलिक खोजी स्वस्थ शरीर, शान्त मन, ऊर्जाशील र सकारात्मक भाव, आनन्द र चौतर्फी समृद्धि रहेको हामी सबैलाई अवगत नै छ । व्यक्ति भित्र नैसर्गिक रूपमा स्वास्थ्य, सुख, आत्मविश्वास, प्रेम, ज्ञान, सङ्कल्प र आनन्दका असिमित क्षमता हुन्छन् । हाम्रो शरीरमा रहेका सातवटा ऊर्जा केन्द्र अर्थात 'चक्र'को माध्यमबाट उपरोक्त क्षमताहरू व्यक्तिको जीवनमा प्रकट हुने गर्दछन् । ती सात चक्रहरू जति सक्रिय र सबल हुन्छन् त्यति बराबर मात्र मानिस सक्रिय र सबल हुने तथ्य विभिन्न अनुसन्धानले पुष्टी गरेका छन् ।

यिनै चक्रहरूमा बीजको रूपमा लुकेर बसेको अनन्त सम्भावनालाई योगाभ्यास, प्राणायाम र ऊर्जाध्यानको माध्यमबाट जागृत गराउन वैज्ञानिक र प्रयोगात्मक अभ्यास अवलम्बन गरी जीवन विज्ञान प्रतिष्ठानले चक्र विज्ञान कार्यक्रम गराउँदै आएको छ ।

परापूर्व कालदेखि ऋषिमनिषिहरूले दिएको सूत्र, नेपालको आफ्नो मौलिकता, मनोविज्ञान र आधुनिक विज्ञानलाई संयोजन गर्दै जीवन विज्ञान प्रतिष्ठानबाट तयार पारिएको यस विधिबाट हजारौं मानिसले लाभ लिइसकेका छन् मनुष्यले आफ्नो भाग्यलाई स्वयम् रुपान्तरण गर्न सक्ने क्षमता छ भन्ने विषयवस्तु र उक्त आध्यात्मिक अभ्यास हरेक मानिसमा पुऱ्याउन जीवन विज्ञानले पटकपटक चक्र विज्ञान कार्यक्रमको आयोजना गर्दै आएको छ ।

## संस्थाको परिचय

नवयुग निर्माणको सङ्कल्प बोकेर धर्म, जात, सम्प्रदायभन्दा माथि उठेर राष्ट्रसेवा र मानवसेवामा समर्पित आध्यात्मिक संस्थाको रूपमा स्थापित संस्था हो जीवन विज्ञान । यस संस्थाले विगत १५ वर्षदेखि सकारात्मक सोच, व्यक्तित्व विकास, नेतृत्व विकास, जीवनशैली व्यवस्थापन विभिन्न साधनामुखी कार्यक्रम गराइ स्वजागरण र आरोग्यको प्रवर्धन गर्दै आएको छ । जीवन विज्ञानका संस्थापक एवं जीवन विकास विशेषज्ञ श्रद्धेय भानु गुरुदेव र श्रद्धेय रमेश गुरुदेवबाट अनलाईन र भौतिक माध्यमबाट स्वदेश र विदेशमा कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन् ।

जीवन विज्ञान नेपाल भूमिमा जन्मिएर हालसम्म विश्वका ८० भन्दा बढी देशहरूमा फैलिएको आध्यात्मिक संस्था हो । देशभर ३ सयभन्दा बढी प्रयोगशाला र ८० भन्दा बढीदेशमा भौतिक तथा अनलाइन प्रयोगशालाहरूमा २ हजारभन्दा बढी स्वयम्सेवी प्रशिक्षकहरूले दैनिक रूपमा योग, प्राणायाम, ऊर्जाध्यान लगायतका कार्यक्रमहरू निःशुल्क रूपमा गराइरहनु भएको छ । जीवन विज्ञानको यू-टुवको दर्शक सङ्ख्या चार करोडभन्दा बढी रहेको छ ।

जीवन विज्ञानद्वारा सञ्चालित कार्यक्रमबाट हालसम्म ५० लाख व्यक्तिहरूले लाभ लिइसकेका छन् । यस संस्थाले संयुक्त राष्ट्र संघ, नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँगै विभिन्न मन्त्रालय, सुरक्षा निकायहरू, नेपाल राष्ट्र बैंक, सरकारी निकायका विभाग तथा कार्यालयहरू, विभिन्न बैङ्क तथा वित्तीय संघ-संस्था, शैक्षिक संस्था, स्थानीय तह तथा जनप्रतिनिधिलगायत नेपाल तथा विश्वभरका करिब १ हजार ५ सयभन्दा बढी संघसंस्थासँगको सहकार्यमा कार्यक्रमहरू सम्पन्न गरिसकेको छ ।

२०८० चैत्र १७ गतेदेखि २३ गतेसम्म लुम्बिनीमा ५ हजार ३ सय जनाको सहभागितामा **'विराट चक्र विज्ञान'** जस्तो ऐतिहासिक कार्यक्रम पनि गरिसकेको छ । यसका अलवा जीवन विज्ञानले

मठ, मन्दिर, नदी, सडकहरूको सरसफाइ, वृक्षरोपण, रक्तदानलगायतका सामाजिक कार्यहरूमा उत्तरदायित्व वहन गर्दै र अभिप्रेरित गर्दै आएको छ ।

## परिचय

हाम्रो मेरुदण्डभित्र सुक्ष्म शरीरमा रहने ऊर्जाकेन्द्रहरूलाई 'चक्र' भनिन्छ । जीवन ऊर्जा कुण्डलिनी शक्तिको रूपमा नाडीहरूबाट बगेर यिनै चक्रहरूको माध्यमबाट हाम्रो शरीर र मनमा प्रवेश गर्दछ र हाम्रो शक्ति, गुण अनि प्रतिभाको रूपमा अभिव्यक्त हुन्छ । यी चक्रहरू सक्रिय एवं स्वस्थ रहेमा समग्र जीवन स्वस्थ, ऊर्जाशील एवं सकारात्मक रहन्छ । चक्रहरू अविकसित, अस्वस्थ एवं असन्तुलित रहेमा रोग, नकारात्मक सोच, डर, आलस्य र नराम्रा आदतहरूले हामीलाई घेर्दछन् ।
सात-दिवसीय चक्र विज्ञान हाम्रो शरीरका शक्तिकेन्द्ररूपी प्रमुख सात चक्रहरूको जागरण र आध्यात्मिक उपचारको विशिष्ट कार्यक्रम हो । यस कार्यक्रममा सहभागीले स्वस्थ शरीर, सक्रिय मन, सकारात्मक भाव र तीव्र आध्यात्मिक प्रगतिका सूत्रहरू सिक्नेछन् । जसबाट व्यक्तिमा सुख, शान्ति र समृद्धिका लागि आधार तयार हुन्छ भने राष्ट्रका लागि सदाचार र सुशासन प्रवर्धनमा सहयोग पुग्दछ ।
यो कार्यक्रम जीवन विज्ञान प्रतिष्ठान चाबहिलमा निरन्तर हुर्दै आएको छ । देशका कोशी, बागमती, गण्डकी, लुम्बिनी र कर्णाली प्रदेशका विभिन्न स्थानमा हजारौँको सहभागितामा यो कार्यक्रम सञ्चालन हुँदै आएको छ । साथै संयुक्त राज्य अमेरिका, बेलायतलगायतका देशमा पनि यो कार्यक्रम हरेक वर्ष सञ्चालन गरिदै आएको छ ।

## लक्ष्य

व्यक्ति भित्र नैसर्गिक रूपमा रहेका स्वास्थ्य, सुख, आत्मविश्वास, प्रेम, ज्ञान, सङ्कल्प र आनन्दका असीमित क्षमतालाई शरीरमा रहेका सात वटा ऊर्जा केन्द्र अर्थात् 'चक्र'को माध्यमबाट व्यक्तिको जीवनमा प्रकट गराउने । जसले गर्दा मानिसमा रहेको नकरात्मकता, निरासा, गरिबी, बेरोजगारी, आर्थिक अभाव, भ्रष्टचारलगायतका मानसिक तथा सामाजिक समस्याको निराकरण गर्ने । सदाचार र सुशासन प्रवर्धन गर्ने ।

## कार्यक्रमको उद्देश्य

- सात चक्र सक्रिय बनाई शारीरिक, मानसिक, आत्मिक रूपमा स्वस्थ्य रहने कला सिकाउने ।
- मनमा प्रसन्नता र सकारात्मकता बढाइ तनाव न्यून गर्दै उच्चतम खुसीको अनुभूति गराउने ।
- आत्मविश्वास आँट, जोस, जाँगर बढाइ व्यक्तिलाई साहसी र पुरुषार्थी बनाउने ।
- बोली व्यवहारमा एकरुपता, सङ्कल्प र निर्णय शक्तिको विकास र लक्ष्यमा एकरुपता ल्याउने ।
- दया, प्रेम र करुणाको भाव बृद्धि गराई अरुप्रति सम्मान र सहकार्य गर्ने क्षमताको विकास गर्ने ।

- स्मरण शक्तिमा वृद्धि, सोचमा नवीनता र सकारात्मकता बोलीमा माधुर्यता र सिर्जनशीलता बढाउँने ।

## कार्यक्रमको उपलब्धि

### व्यक्तिगत

- शरीर स्वस्थ, सक्रिय र ऊर्जावान भएको महसुस हुन्छ ।
- आध्यात्मिक साधना विधिमा स्पष्टता र विधिमा गहिरो प्रगति हुनेछ ।
- मनमा प्रसन्नता र सकारात्मकता बढ्नाले तनाव न्यून भई उच्चतम खुसीको अनुभूति हुन्छ ।
- आत्मविश्वास आँट, जोस, जाँगर बढ्न गई व्यक्ति साहसी र पुरुषार्थी बन्छ ।
- दया, प्रेम र करुणाको भाव वृद्धिसँगै अरुप्रति सम्मान र सहकार्य गर्ने क्षमताको विकास हुन्छ ।
- स्मरण शक्तिमा वृद्धि, सोचमा नवीनता र सकारात्मकता, बोलीमा माधुर्यता र सिर्जनशीलता बढ्नेछ ।
- बोली व्यवहारमा एकरुपता, सङ्कल्प र निर्णय शक्तिको विकास र लक्ष्यमा एकरुपता आउँछ ।
- विवेकको जागरण, परम शान्ति र आनन्दको महसुस हुन्छ ।

## समाज र राष्ट्रका लागि

- मनोवैज्ञानिक तथा आध्यात्मिक सन्देशको प्रेरणा लिदै व्यक्तिभित्र रहेका सात वटा ऊर्जा केन्द्र सक्रिय गराई सहभागीहरूको शारीरिक, मानसिक, प्राणिक, भावनात्मक, बौद्धिक, आत्मिक र परम स्वास्थ्य हासिल गर्न मद्दत पुग्ने ।
- सदाचार र सुशासन प्रवर्धनका लागि प्रभावकारी र उपयोगी हुने ।
- विश्वलाई नेपाल राष्ट्र योगभूमि, देवभूमि र तपोभूमि हो भन्ने सन्देश दिन, योग तथा आध्यात्मिक पर्यटन गन्तव्यस्थल रूपमा विकास गरी आन्तरिक तथा वाह्य पर्यटनको प्रवर्धन गर्दै मातृभूमि नेपालबाट आध्यात्मिक नेतृत्वको विकास हुने ।
- व्यक्तिभित्र बढ्दै गएको नकरात्मकता, निराशा, गरिबी, बेरोजगारी र आर्थिक अभावलगायतका मानसिक समस्याबाट मुक्त हुन प्रेरित गर्दै व्यक्तिमा सकारात्मकता, प्रसन्नता, सक्रियता एवं आत्मविश्वास जगाई पौरखी, पुरुषार्थी, स्वावलम्बी र शीलयुक्त समाजको निर्माण हुने ।
- स्वस्थ, दक्ष, उत्प्रेरित र नैतिकवान जनशक्ति निर्माणमार्फत स्वस्थ, खुसी र समृद्ध परिवार, समाज र राष्ट्र निर्माणको आधार तयार हुने ।
- सबै धर्म, सम्प्रदाय र संस्कृतिको एउटै सार "मानव सेवा र कल्याण" भन्ने विषयले प्रश्रय पाउंने । यसबाट राष्ट्रिय एकता, भाइचारा र सौहार्दतापूर्ण वातावरण सिर्जना हुने ।

- चालू आर्थिक वर्ष २०८१/८२ बजेटले घोषणा गरेको आयुर्वेद, प्राकृतिक चिकित्सा, योग, होमियोप्याथीलगायतका अन्य वैकल्पिक उपचार पद्धतिको विस्तारमा सहयोग पुग्नेछ।
- राष्ट्रियता र राष्ट्रिय भावनालाई कायम राखी शासकीय आयामका अन्य पात्रहरू जस्तै निजी क्षेत्र, नागरिक समाज, आध्यात्मिक संस्थालगायतले नवप्रवर्तनशील र सिर्जनशील कार्य गर्न थप प्रोत्साहन मिल्ने।

## कार्यक्रम/तालिमको विधि र अवधि

- कार्यक्रममा योगाभ्यास, प्रणायाम, ध्यानका साथै मनोविज्ञानका गहिरा सूत्रहरूको प्रयोग गरिने।
- हरेक दिन एउटा चक्रको सैद्धान्तिक र प्रयोगात्मक अभ्यास।
- प्रयोगात्मक, व्यवहारिक कक्षा।
- सैद्धान्तिक र अभ्यासात्मक कक्षा।
- अभ्यास, अनुभूति साटासाट।
- कार्यक्रम ७ दिनको हुनेछ।
- हरेक दिन विहान ७:३० देखि साँझ ५ बजेसम्म दैनिक १० घण्टाको कार्यक्रम हुनेछ।
- खाजा र खानाको व्यवस्था कार्यक्रम अवधि भित्रै गरिनेछ।

## खर्च विवरण

- कार्यक्रममा सहभागिता शुल्क सात दिनको प्रतिव्यक्ति रु.१४,०००।- (अक्षेरुपी चौध हजार रुपैयाँ मात्र) लाग्नेछ।
  *(बिहान ७:३० बजेदेखि साँझ ५ बजेसम्म चिया, नास्ता, खाना र स्टेशनरी यसैभित्र संलग्न छ।)*

## कार्यक्रमको विवरण

- **मिति :** २०८२ चैत्र २२ गतेदेखि २८ गतेसम्म
- **स्थान :** आनन्द इभेन्ट्स एण्ड मिटिङ्स, मध्यबानेश्वर
- **समय :** बिहान ७ :३० बजेदेखि साझँ ५:०० बजेसम्म
- **कार्यक्रमको सञ्चालन :** श्रद्धेय रमेश गुरुदेव र श्रद्धेय भानु गुरुदेवबाट सञ्चालन
- **कार्यक्रमको प्रक्रिया:** प्रत्येक दिन एउटा चक्रको बारेमा व्याख्या साथै विविध आयामको प्रयोग र अभ्यास
- **अपेक्षित सहभागिता :** देश विदेशका विभिन्न ठाउँ र विभिन्न पेसामा आबद्ध ५०० भन्दा बढी व्यक्तिको सहभागिता